# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ३०३६

मिति :- २०७७/१/३१

**विषय- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा कोरोना भाईरस (COVID - 19) रोकथाम तथा नियन्त्रण सम्बन्धमा मिति २०७७/१/३१ गते नगर प्रमुखज्यूको अध्यक्षतामा बसेको बैठकबाट तपसिल बमोजिमको निर्णयहरु भएको हुदाँ उक्त निर्णयहरु कार्यान्वयनार्थ प्रेषित गरिएको छ ।

..............................
काजी कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
१) श्री ईलाका प्रहरी कार्यालय, फर्पिङ, काठमाडौं ।

निर्णयहरु

१. नेपालमा दिनानुदिन बढ्दै गईरहेको कोरोना भाईरसको संक्रमणको सन्दर्भमा काठमाडौं जिल्ला भित्रिने एक नाकाको रुपमा रहेको यस दक्षिणकाली नगरपालिकामा कोरोना भाईरसको संक्रमण हुन नदिनको लागी यस नगरपालिका स्तरिय कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रण समन्वय समितिको मिति २०७७/०१/२६ को निर्णयानुसार यस दक्षिणकाली नगरपालिका क्षेत्र भित्र रहेका स्थानिय पसल व्यवसायहरु खोल्ने समय बिहान ४:०० बजे देखी १०:०० बजे सम्म सिमित गरिएकोमा उक्त समयलाई यथावत् कायम गरी सो समयमा देहाय बमोजिमका पसल व्यवसायहरु मात्र सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

तपसिल

क) अत्यावश्यक सामग्रीहरु बिक्रिबितरण गर्ने पसल व्यवसायहरु,
ख) खाद्यान्न सामग्रीहरु बिक्रिवितरण गर्ने पसल व्यवसायहरु,
ग) हार्डवेयर पसल व्यवसायहरु,
घ) जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट अनुमती प्राप्त स्टेशनरीहरु,
ङ) वर्कसप तथा अटोपार्ट बिक्रिवितरण गर्ने व्यवसायहरु,
च) निर्माण सामग्रीहरु बिक्रिवितरण गर्ने व्यवसायहरु,

२. नेपाल सरकार मन्त्रि परिषदको मिति २०७७/१/२४ को निर्णय समेतलाई मध्यनजर गर्दै लकडाउनको समयमा यस नगरपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय सञ्चालन गर्न सहज होस् भन्ने अभिप्रायबाट अर्को आदेश वा सुचना जारी नभएसम्मका लागी देहायका स्थानहरु तथा व्यवसायहरु सञ्चालनमा नल्याउन आवश्यक व्यवस्थापन गर्ने ।

क) सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु,
ख) पार्टि प्यालेस, पिकनिक स्पोर्ट र फनपार्कहरु लगाएत् सार्वजनिक स्थलमा हुने कार्यक्रमहरु,
ग) धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, चर्च, मस्जिद, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु),
घ) खेलकुद स्थल, फुटसल, शारिरिक सुसंगठन तथा जिमखाना, फिटनेस सेन्टर,
ङ) होटल, बार, रेष्टुरेन्ट,
च) सैलुन तथा ब्युटी पार्लरहरु,
छ) यात्रुबाहक सवारी साधनहरु ।

३. कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी नेपाल सरकारद्वारा घोषणा गरिएको लकडाउन (बन्दाबन्दी) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागी यस नगरपालिका क्षेत्रमा गुड्ने सवारी साधनहरुलाई तपसिल बमोजिम सञ्चालन हुने गरी व्यवस्था मिलाउने ।

तपसिल

क) खाद्यान्न सामग्री ढुवानी गर्ने सवारीसाधन बिहान ३:०० बजे देखी मध्यान्ह १२:०० बजे सम्म मात्र
ख) निर्माण सामग्री ढुवानी गर्ने साधनहरु बेलुकी ६:३० बजे देखी बिहान ६:०० बजे सम्म

४. यस नगरपालिकाको क्षेत्र भित्र सञ्चालन हुने व्यवसायीहरुले नेपाल सरकारले तोकिएको सामाजिक दुरी (**Social Distancing**) कायम गर्दै सामग्री बिक्रिवितरण गर्नको लागी नेपाल सरकारले तोके बमोजिमको सामाजिक दुरी कायम हुने गरी ग्राहकहरु उभिने घेरा, सेनेटाइजर लगाउने, हातधुने व्यवस्था, मास्क र पन्जा प्रयोग गर्ने व्यवस्था मिलाई कोरोना भाईरस संक्रमण हुन नदिन सावधानी अपनाई व्यवसाय सञ्चालन गर्ने । साथै,

मोहन बस्नेत
प्रमुख

अत्यावश्यक सामग्रीहरु बिक्रिवितरण गर्दा सकेसम्म सामग्रीहरुको प्याकेट बनाई बिक्री वितरण गर्ने व्यवस्था मिलाउने ।

५. यस नगरपालिकाको नाका हुदैं काठमाडौं भित्रिने र बाहिरिने यात्रु तथा सवारीसाधनहरुको चेकजाँच तथा सहजिकरणको लागी यस नगरपालिकाद्वारा फर्पिङ बसपार्क, हुमाने भञ्ज्याङ, राम्चे भञ्ज्याङ र खहरे चाल्नाखेलमा हेल्पडेक्स स्थापना गरिएकोमा हुमाने भञ्ज्याङ, राम्चे भञ्ज्याङ र खहरे यस नगरपालिका प्रवेश गर्ने र बाहिरिने मुख्य स्थान भएको हुदाँ उक्त स्थानका हेल्पडेक्सलाई थप जनशक्ति परिचालन गरी प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी आवश्यक्ता अनुसार फर्पिङ बसपार्कको हेल्प डेक्समा खटिएका जनशक्तिलाई समेत त्यस तर्फ परिचालन गर्ने ।

६. यस नगरपालिकाको सिमा रहेका स्थानहरु हुमाने भञ्ज्याङ, राम्चे भञ्ज्याङ र खहरेमा स्वास्थ्यकर्मी सहितको थप जनशक्ति आवश्यक पर्ने देखिएकोले मौजुदा स्वास्थ्यकर्मी कमी भएको साथै यस नगरपालिकामा दरबन्दी भएका स्वास्थ्यकर्मीहरुलाई अन्यत्र काज पठाएकोमा फिर्ता गर्न पटक पटक पत्राचार भएको तर फिर्ता वा अर्को व्यवस्था नभएकोले थप स्वास्थ्यकर्मीको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी लेखी पठाउने ।

७. कोरोना भाईरस (कोभिड - १९) को कारण सिर्जित यस विषम परिस्थितिमा यस नगरपालिका क्षेत्र भित्र रहनु भएका व्यक्तिहरुलाई कुनैपनि किसिमको समस्या भएमा तुरुन्त यस नगरपालिकामा सम्पर्क गरी यस नगरपालिकाद्वारा त्यस्ता व्यक्तिहरुलाई आवश्यक सहजिकरण तथा सहायता प्रदान गर्नको लागी नगरपालिकामा **Call Center** को स्थापना गर्ने ।

**मोहन बस्नेत**
**नगर प्रमुख**

नगर